चौबिसे गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा

**चौबिसे गाउँपालिकाको आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम**

१. यस गरिमामय गाउँ सभाका अध्यक्षज्यू, गाउँ सभा सदस्यज्यूहरु, राष्ट्र सेवक कर्मचारी मित्रहरु यस चौबिसे गाउँपालिकाको नवौं गाउँ सभाको बैठकमा यस गाउँपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट यहाँहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

२. यस चौबिसे गाउँपालिकाको सर्बाङ्गीण विकासका लागि यस सम्मानित नवौं सभामा यस चौबिसे गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई निकै भाग्यमानी एवम् गौरवान्वित भएको महसुस गरेको छु ।

३. सर्वप्रथम मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका खातिर विभिन्न चरणका आन्दोलनहरुमा शाहदत भएका अमर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विश्व समुदायमा त्रासदीपूर्ण घातक कोरोना भाइरसको संक्रमणवाट मृत्यु हुने हाम्रो देश नेपाल लगायत विश्वभरिका मानवहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । सो भाइरसको सम्भावित संक्रमणवाट आफू बचौं र अरुलाई पनि बचाऔं भन्ने उद्‌घोष गर्न चाहान्छु ।

४. नेपालको इतिहासको विकास क्रममा धेरै प्रकारका शासन व्यवस्थाको अभ्यास, अनुभव र सिकाइबाट हालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान र त्यस मुताविकको राजनैतिक तथा प्रशासनिक व्यवस्था अनुरुप अघि बढ्ने क्रममा हामी स्थानीय तह चौबिसे गाउँपालिकाको यस सभाबाट चौबिसे गाउँपालिकाको सुशासन, आर्थिक सम्वृद्धि, न्यायपूर्ण समाज, लैङ्गिक समानता, समावेशीकरण, सन्तुलित र दिगो पूर्वाधार विकास सहित रचनात्मक सहयोग पुर्याउने आशा एवं विश्वासका साथ नयाँ नीति, कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**"कृषि,पर्यटन, शिक्षा, स्वास्थ्य, अनुपम संस्कृति हाम्रो शान,
उद्यमशील, समृद्ध, सुशासित चौबिसे निर्माण हाम्रो साझा अभियान ।"**

राजिन्द्र राई
अध्यक्ष

आदरणीय गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,
अव म यस गाउँपालिकाको विद्यमान अवस्थाको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

विद्यमान अवस्थाको समीक्षा:-

१. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय सरकारको गठन भएको हुँदा कार्य सम्पादन प्रक्रियामा सहजता भएको छ ।

२. निर्वाचित भएर जनप्रतिनिधिहरु आउँदा विकासले गति लिएको अनुभूति नागरिकले गर्न थालेका छन् ।

३. विकासका दृष्टिकोणले अत्यन्त पछाडि रहेको यस चौबिसे गाउँपालिकामा विकासका हर पुर्वाधारहरु निरन्तर बनिरहेका छन् ।



Scanned with CamScanner

४. योजना निर्माणमा स्थानीय आवश्यकता, राष्ट्रिय लक्ष्य र उद्देश्य अनुरुप प्राथमिकीकरण गर्ने प्रयास गरिएको छ ।
५. भौतिक पुर्वाधार निर्माण, सडक सञ्जालको स्तरोन्नति गर्ने कार्य भइरहेको छ ।
६. गुणस्तरीय शिक्षाको विकासमा निकै ठूलो प्रयास भएको छ ।
७. आम चौविसेवासीको COVID 19 को संभावित संक्रमणलाई रोक्न गाउँपालिकाले हदै सम्मको प्रयास गरेको छ ।
८. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा नागरिकलाई प्रदान गर्न सामुदायिक स्वास्थ्य इकाइ स्थापना तथा भवन निर्माण गरी करार स्वास्थ्य सेवाका कर्मचारीको दरवन्दी सिर्जना गरेको तथा सुलभ फार्मेसी सञ्चालन गरिएको छ ।

आदरणीय सभाध्यक्ष महोदय

अब म यस चौबिसे गाउँपालिकाको सम्भावना, अवसर तथा चुनौतिहरुलाई संक्षेपमा पेश गर्न चाहन्छु।

संभावना तथा अवसरहरु :

१. चिसो हावापानी मनोरम प्राकृतिक स्थल एवं विछट्टै राम्रा तराई, हिमालका दृश्यावलोकन गर्न सकिने स्थानहरु, सिमसार क्षेत्र तथा तालहरु रहेका विश्वकै पर्यटन व्यवसायीहरुलाई आकर्षण गर्न सक्ने अवस्था रहेको ।
२. भौगोलिक विविधताको पर्याप्त अवसर रहेका कारण स्थान विशेषमा कृषिमा विविधीकरण गरी आफ्नो क्षेत्रलाई थेग्न सक्ने उत्पादन तथा उत्पादकत्वको क्षमता रहेको छ। मुढेवास क्षेत्रमा चुन तथा अभ्रख खानी, कुरुले क्षेत्रमा फलाम खानीको संभाव्यता रहेको ।
३. भेडेटार-राजारानी-६ नं बुधबारे-रबि-राके राष्ट्रिय राजमार्गको मध्य खण्डमा रहेको, निर्माण भइरहेको तमोर करिडोर जस्ता ठूला राजमार्गले छोएको हुँदा मोरङ्ग जिल्लाको केराबारी-सिंहदेवी चौविसे गाउँपालिको सम्मेवा-अठारसय-त्रिवेणी हुँदै तेह्रथुम जोड्ने सडकलाई संघीय सरकारसँग समन्वय गरी चालू आ.व.बाट निर्माण प्रारम्भ गरी आगामी दिनमा अन्य आसपासका सडकहरुलाई यसै राष्ट्रिय राजमार्गमा जोडेर सबै पहुँचको सरल अवस्था सिर्जना गर्न सकिने र हालका स्थानीय बजारहरु व्यापारिक केन्द्रको रुपमा विकास हुन सक्ने भएकोले ग्रामीण सडक सञ्जालको पहुँच सहज हुने ।
४. महाभारत पर्वत श्रृङ्खलाको उँचो भागमा रहेका वन जङ्गलहरु यस क्षेत्रमा समेटिएका हुँदा वन पैदावारमा आधारित जडिबुटी उद्योग तथा वन्यजन्तु आरक्ष निर्माण गरी दिगो विकासमा टेवा दिन सकिने।
५. यस गाउँपालिकाको बेंसी भेगमा उर्वर खेतियोग्य फाँटहरु प्राकृतिक श्रोत समेतलाई उत्तम सदुपयोग गरी समग्र गाउँपालिकाको विकासमा टेवा दिन सकिने।
६. अल्प संख्यक , दलित, माझी, आदिवासी जनजाती, ब्राह्मण, खस आर्यन तथा दशनामी समेतको सहिष्णुतायुक्त मिश्रित बसोवास भएका बस्तिहरु रहेका कारण भाषिक, सांस्कृतिक, मौलिक



Scanned with CamScanner

परम्परा, ज्ञान, सीपको उपयोग गरी यस क्षेत्रको विशेष परम्परा धार्मिक एवं संस्कृतिक सम्पदाहरुको जगेर्ना गर्दै धार्मिक एवं संस्कृतिक पर्यटनका माध्यमबाट विकासमा विविधिकरण ल्याउन सकिने।

७. आधारभुत विद्यालयहरु, माध्यमिक विद्यालयहरू, होटल मेनेजमेन्ट, विज्ञान, ईन्जिनीयरिङ र स्नातकसम्मका अध्ययनका लागि कलेज, निजी विद्यालयहरु समेत पर्याप्त रहेका कारण यी विद्यालयहरुको व्यवस्थापन गर्दै आगामी दिनमा कृषि पशु सेवा, स्वास्थ्य सेवा जस्ता प्राविधिक शिक्षामा जोड दिँदै यस चौविसे गाउँपालिकालाई आवश्यक पर्ने व्यवसायिक दक्ष जनशक्ति उत्पादन गर्न सकिने र यस क्षेत्रलाई शैक्षिक केन्द्रको रुपमा विकास गर्न सकिने ।

८. सबै वडाहरुमा बसोबास गर्ने जनताहरुलाई प्रत्यक्ष लाभ पुर्याउन सक्ने गरी सरकारी स्वास्थ्य संस्थाहरु स्थापना भइसकेकोले ती स्वास्थ्य संस्थाहरुको क्षमता एवं गुणस्तरमा वृद्धि गर्न सकिने र निकट भविष्यमै यस क्षेत्रमा १० शैयाको सरकारी अस्पताल निर्माण गरिने लक्ष्य रहेको हुँदा जनताका आधरभूत स्वास्थ्य सेवामा सरल पहुँचको अवस्था सिर्जना गर्न सकिने ।

**चुनौतिहरु :**

१. **कोरोनाको त्रास :** विश्व समुदायमा नै नियन्त्रण भन्दा वाहिर गएको कोरोनाको त्रास नेपालमा पनि त्यति नै रहेको र यसको संक्रमण दिनदिनै बढ्दै गएको हुँदा यसबाट चौविसेवासीलाई कसरी बचाउने भन्ने चुनौति रहेको छ ।

२. **परनिर्भता :** विकासको मेरुदण्डको रुपमा अर्थ व्यवस्था कमजोर हुनु । केन्द्रीय सरकारको आशा र भरोसामा स्थानीय तहको अर्थ व्यवस्था निर्भर रहनु ।

३. **तालिम प्राप्त दक्ष जनशक्तिको अभाव :** स्थानीय तहमा उपलब्ध संभावना र अवसरहरुलाई वृहत्तर रुपमा उपयोग गर्नको लागि तालिम प्राप्त दक्ष जनशक्तिको अभाव र कतिपय विषयगत शाखामा स्विकृत दरवन्दी अनुसार कर्मचारी नहुनु।

४. बस्तीहरु छरिएर रहनु, पर्यटकीय स्थलहरुलाई सामुदायिक वा सरकारी स्वामित्वमा ल्याउन कठिन हुनु।

**सभाध्यक्ष महोदय !**

उल्लेखित संभावना, अवसर तथा चुनौतिहरुलाई ध्यानमा राख्दै यस गाउँपालिकाको आ.व. २०७८/७९ को प्रमुख नीति तथा कार्यक्रमहरु यस गरिमामय सभा समक्ष पेश गर्न अनुमति चाहन्छु ।

**दीर्घकालीन सोच (Vision) :**

यस गाउँपालिका क्षेत्रमा रहेको जमिन, जंगल, कृषि, पशु, खानी, पर्यटन आदिको संभावनाहरुलाई दिगो विकासको अवधारणा तथा अनुकुलन सन्तुलनको सिद्धान्त समेतलाई आत्मसात गर्दै यी स्रोत साधनहरुको सदुपयोग मार्फत् आम गाउँवासीहरुको आयआर्जनममा वृद्धि गर्दै उच्च जीवनस्तर सहितको समाजवाद उन्मुख समृद्ध गाउँपालिका निर्माण गर्ने यस गाउँपालिकाको दीर्घकालीन सोच हुनेछ ।



Scanned with CamScanner

चौविसे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजारानी, धनकुटा २०७४

## दीर्घकालीन लक्ष्य (Mission)

नेपालको संविधान अनुसार स्थानीयस्तरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गर्दै पारदर्शीता, उत्तरदायित्व एवं जवाफदेहिता, जनताको सहभागिता र विधिको शासनमा आधारित उच्च, गुणस्तरीय, समुन्नत समतामुलक समाजको स्थापना गर्नु, यस गाउँपालिकाको दीर्घकालीन लक्ष्य रहेको छ ।

## उद्देश्यहरु (Goals)

१. कोरोना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट चौविसेका नागरिकलाई सुरक्षित राख्नु र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार गर्ने,

२. कोरोना भाइरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदमवाट अवरुद्ध उत्पादन र आपूर्ति श्रृङ्खलालाई पुनर्स्थापना गर्दै कृषि, पर्यटन, सार्वजनिक निर्माण लगायत प्रभावित व्यवसायको पुनरुत्थान गर्ने,

३. भौगोलिक विकटता, जनसंख्या, जीवनस्तर, पिछडिएका वर्गको अवस्था, समता र न्यायोचितताको आधारमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बजेट विनियोजन गर्ने ।

४. यो वर्षको बजेट शिक्षा, कृषि, पशु, स्वास्थ्य र कोरोना भाइरसलाई लक्षित गरी अगाडि बढाउने।

५. संघ र प्रदेशले अवलम्बन गरेको नीतिलाई गाउँपालिकले आफ्नो नीति तथा कार्यक्रममा समावेश गर्ने ।

६. हरेक विकास निर्माणमा युवा लक्षित काम र रोजगारीका अवसरको सिर्जना गर्ने,

७. विकासको शीघ्र प्रतिफल प्राप्त हुने र आगामी वर्षभित्र सम्पन्न हुने अधुरा आयोजना कार्यान्वयन गर्ने,

८. गुणस्तरीय र जीवनोपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभुत खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माण गर्ने,

९. आफ्नो क्षेत्रको विकासको लागि स्थानीय स्रोत साधनको परिचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित तथा समानतामा आधारित समतामूलक न्यायोचित वितरण प्रणालीको माध्यमबाट उच्च आर्थिक वृद्धिदर हासिल गर्दै गरिबी न्युनीकरण गर्ने ।

१०. पछि पारिएका वर्गको आर्थिक जीवनस्तर उठाई बसाईंसराई तथा प्रतिभा पलायनको अवस्थालाई न्युनीकरण गर्ने ।

११. लैङ्गिक हिंसा न्युनीकरण गर्दै सामाजिक न्याय कायम गर्ने तथा जेष्ठ नागरिक, वालवालिका संरक्षण तथा प्रवर्द्धन गर्ने।

१२. चौबिसे क्षेत्रलाई सफा, सुन्दर, हराभरा बनाई कृषि तथा पर्यटनमैत्री वातावरण सिर्जना गर्दै भौतिक पूर्वाधारको निर्माण गर्ने ।

१३. पूँजी निर्माण तथा विकासका लागि ३ खम्बे अर्थनीति अवलम्बन गर्ने ।

खजिन्द्र राई
अध्यक्ष



Scanned with CamScanner

१४. हरेक वडामा गठित टोल विकास सुधार समितिहरूलाई थप प्रभावकारी रुपमा संचालन र व्यवस्थापन गर्ने ।

१५. गाउँपालिकाले तर्जुमा गरेको ऐन तथा कार्यविधि बमोजिम विकासका क्रियाकलाप संचालन गर्ने र सोही अनुरुप बजेटको विनियोजन गर्ने ।

१६. "हरेक घर धुरी : नजिकको दुरी" नारा अनुरुप विकासका हरेक गतिविधि एकद्वार प्रणालीको माध्यमबाट संचालन गरिनेछ ।

उपस्थित गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,
अब म यस चौविसे गाउँपालिकाको आगामी आ.व.को प्रमुख नीतिहरु पेश गर्ने अनुमति चाहन्छु ।

अर्थनीति :

१. जनताको जीविकोपार्जनको निम्ति आयमूलक कार्यक्रम संचालन गरिनेछ ।
२. वैदेशिक रोजगारी तथा आन्तरिक व्यवसायबाट सिर्जित आयलाई उत्पादनशील कार्यमा लगानी गर्न प्रोत्साहित गर्ने कार्य नीति ल्याइनेछ ।
३. सार्वजनिक खर्चलाई पारदर्शी बनाइने छ ।
४. करका दायराहरुलाई व्यापक बनाउँदै प्रगतिशील कर नीति अवलम्बन गरिने छ ।
५. चौविसे गाउँपालिकाको आर्थिक समृद्धिका लागि पूँजी बजारको विकास, निजी क्षेत्रको लगानी प्रोत्साहन, सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन गर्दै लैजाने नीति अवलम्बन गरिनेछ ।
६. आन्तरिक आयस्रोत थप मजबुत बनाउन राजश्व परामर्श समितिलाई प्रभावकारी बनाई सम्भाव्यताको आधारमा करको दर र दायरा फराकिलो बनाइने छ ।
७. राजस्व पहिचानको निम्ति यस गाउँपालिकाभित्र रहेका विभिन्न सामुदायिक, व्यक्तिगत सम्पत्तीहरुको पहिचान गरी राजस्वको दायरा वृद्धि गरिनेछ ।
८. बजार व्यवस्थापन तथा अनुगमन गरी राजस्वको बारेमा परामर्श गरिनेछ ।
९. राजस्वको बारेमा सामुदायिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१०. उत्कृष्ट करदातालाई सम्मान गरिनेछ ।

सभाध्यक्ष महोदय

कृषि तथा पशु सेवा नीति

१. " कृषि उत्पादनमा वृद्धि, चौविसेको सम्वृद्धि " भन्ने मूल नाराका साथ कार्यक्रम सञ्चालन गरिनेछ।
२. पशु बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
३. युवाहरूको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपंक्षी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई थप प्राथमिकता दिइनेछ।



राजेन्द्र राई
अध्यक्ष

४. चौविसे गाउँपालिकाबाट निःशुल्क उपलब्ध गराउँदै आएको पशु औषधीको विवरण सहितको सूची सार्वजनिक गरिनेछ ।
५. पशु स्वास्थ्य उपचार सेवा, महामारी रोग नियन्त्रणको लागि एक वडा : एक पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
६. कृषि तथा पशुपन्छी पालनलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गर्ने पशुपंछीको नश्ल सुधार पौष्टिक दाना र आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवं उत्पादित पशुपन्छीजन्य पदार्थको बजारीकरण पक्षलाई अगाडि बढाई एकिकृत सेवा प्रदान गर्ने कार्यक्रम तर्जुमा गरी संचालन गरिनेछ ।
७. पशुपन्छीको नश्ल सुधार उत्पादन वृद्धिको आधार भएकोले गाई भैंसी बाख्राको कृतिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई उन्नत नश्लका पशुको वृद्धि गर्दै लगिनेछ ।
८. पशुपन्छी पालन र गुणस्तरीय पशुजन्य पदार्थलाई उत्पादन, आन्तरिक मागको आपूर्ति तथा निर्यात प्रवर्द्धन गर्नेमा बाधक देखिएको खोरेत, पि.पि.आर., स्वाइन फिवर, रानीखेत जस्ता रोगहरुको रोकथामका लागि प्रभावकारी खोप सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
९. कृषि तथा पशुपन्छीजन्य व्यवसायमा आर्थिक सामाजिक र भौगोलिक रुपमा पछि परेका महिला, युवा, दलित, जनजाति तथा विपन्न, लक्षित वर्गको स्वरोजगार तथा आयआर्जनको दिगो स्रोतको रुपमा विकास गरिनेछ ।
१०. भौगोलिक क्षेत्र तथा जलवायु अनुकुलनको आधारमा कृषि तथा पशुपालन पकेटलाई थप प्रभावकारी कार्यान्वयन गरिनेछ ।
११. ५० प्रतिशत अनुदानमा कफिको विरुवा वितरण गरिनेछ ।
१२. गुणस्तरीय पशु आहाराको उपलब्धता बढाउन चरन विकास, भुईं घाँस, डाले घाँस, बिउ, वेर्ना तथा घाँस समीश्रण मिनरल ब्लक, साइलेज र हे बनाउनमा जोड दिइने छ ।
१३. बाख्रामा नश्ल सुधार गरी उत्पादन वृद्धि गर्नको लागि बोयर बोका वितरणलाई निरन्तरता दिइने छ ।
१४. दुध, मासु उत्पादन वृद्धिमा विशेष जोड दिने कार्यक्रम ल्याइनेछ ।
१५. कृषि विमा तथा पशुपालन सम्बन्धी तालिम, सेमिनार, गोष्ठि संचालन गरिने छ ।
१६. विशेष कृषि उत्पादन कार्यक्रम संचालन गरिनेछ ।
१७. अर्गानिक खेतिका लागि प्रोत्साहन गर्ने कार्यक्रम ल्याइने छ ।
१८. मौरी हुने स्थानको पहिचान गरी व्यवसायीकरण कार्य अगाडि बढाइनेछ ।
१९. कृषि उपज सामग्रीको बजारीकरणका लागि क्षेत्र विशेष ढुवानी अनुदान कार्यक्रम संचालन गरिनेछ ।
२०. माटो गुणस्तर परीक्षणको लागि शिविर सञ्चालन गरिनेछ ।
२१. वेमौसमी खेतीलाई प्रोत्साहन गरिनेछ ।
२२. सहकारी तथा टोल सुधार विकास समितिको माध्यमबाट घुम्तीकोष लगायतका अनुदानमा विशेष जोड दिइनेछ ।

खगेन्द्र राई
अध्यक्ष



Scanned with CamScanner

२३. किवी र एभोकार्डो खेती सम्बन्धी तालिममा विशेष जोड दिइनेछ ।

२४. ५० प्रतिशत मुल्य अनुदानमा हिउँदे तथा वर्षे फलफूलको विरुवा र वीउ वितरण गरिने छ।

२५. खाद्यान्न बालीको ७५ प्रतिशत मूल्य अनुदानमा उन्नत वीउ वितरण गरिनेछ ।

२६. कृषि र पशुपालनलाई विशेष युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. नगदे वालीमा विशेष जोड दिइनेछ ।

२८. अगुवा कृषकलाई स्थानीय स्तरमा भ्रमण र अवलोकन गराइनेछ, साथै उत्कृष्ट कृषकलाई सम्मान गरिनेछ ।

२९. कृषिमा आधुनिकीकरणको लागि कृषि सामाग्री र कृषिसँग सम्बन्धित यान्त्रिक औजार ५० प्रतिशत मूल्य अनुदानमा वितरण गरिनेछ ।

३०. आकस्मिक बाली संरक्षण सेवा प्रदान गरिनेछ ।

३१. प्लाष्टिक टर्नेल वितरणमा जोड दिइनेछ ।

३२. प्रदेश सरकार र स्थानीय सरकारबाट प्रदान गरिने कृषि पशु अनुदानलाई प्रभावकारी अनुगमन गरिनेछ ।

गाउँसभा अध्यक्षज्यू तथा सदस्यज्यूहरु ,

शिक्षा नीति

१. चौविसे गाउँपालिकाको ईच्छा, सबैलाई गुणस्तरीय शिक्षा " को नारालाई कार्यान्वयन गरिनेछ।

२. विद्यालय नक्शांकनका आधारमा वैज्ञानिक र व्यवहारिक ढङ्गले विद्यालयहरुलाई एकीकरण तथा समायोजन गरिनेछ ।

३. विद्यार्थी-शिक्षक अनुपातका आधारमा शिक्षक दरवन्दी मिलान तथा वितरण गरिनेछ ।

४. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आवश्यकताका आधारमा केजी कक्षा सञ्चालन गरिनेछ।

५. विद्यार्थी संख्याका आधारमा कम शिक्षक दरबन्दी भएका विद्यालयहरुलाई प्रदान गरिएको स्वयंसेवक शिक्षक कोटालाई निरन्तरता दिइनेछ ।

६. गाउँपालिकाको शिक्षा पार्श्व चित्रलाई अध्यावधिक गरी पुनः प्रकाशन गरिनेछ ।

७. दीर्घकालीन १० वर्षे गाउँ शिक्षा योजना निर्माण कार्यलाई सम्पन्न गरी कार्यान्वयन गरिनेछ।

८. प्रत्येक विद्यालयमा आवश्यक कक्षा कोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT प्रयोगशाला, शौचालय, खेल मैदान, स्वच्छ पिउने पानी तथा आवश्यक अन्य शैक्षिक सामग्रीको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९. स्थानीय तहको आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम निर्माण गरिनेछ ।

१०. कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरुका लागि निःशुल्क सेनिटरी प्याड उपलब्ध गराइनेछ ।



Scanned with CamScanner

११. विद्यार्थीहरुलाई विद्यालयमा सिकाई क्रियाकलापमा उत्प्रेरित गर्न शिशु कक्षादेखि कक्षा ५ सम्मका छात्रछात्राहरुका लागि दिवा खाजा कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

१२. विद्यालयहरुलाई विभिन्न किसिमका फ्लेक्स सामग्री (न्यूनतम सिकाइ मापदण्ड सहित ) प्रदान गरी कक्षाकोठाहरुलाई स्रोतपूर्ण बनाइनेछ।

१३. कम्प्युटर नभएका विद्यालयहरुलाई कम्प्युटर, प्रिन्टर, युपियस लगायतका आवश्यक सामग्री उपलब्ध गराइनेछ ।

१४. वैकल्पिक माध्यमवाट सिकाइ सहजीकरण गर्ने कार्यलाइ सहयोग गर्न सबै सामुदायिक विद्यालयहरुमा निशुल्क इन्टरनेट सेवा विस्तार गरिनेछ ।

१५. कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा बैकल्पिक विधिवाट सिकाइ सहजीकरण गर्न ६ वटा आधारभूत र १० वटा माध्यमिक विद्यालयहरुमा अनलाइन तथा अफलाइन मोबाइल एप्सको माध्यमबाट सिकाइ गर्ने व्यवस्था मिलाइनेछ ।

१६. विपन्न परिवारका वालवालिकालाई गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न निशुल्क पोषाक तथा झोला वितरण गरिनेछ ।

१७. विभिन्न मातृभाषा अध्यापन गराउने विद्यालयहरुलाई दिइदै आएको प्रोत्साहन अनुदानलाई वृद्धि गरी आवश्यक शैक्षिक सामाग्री समेत वितरण गरिनेछ ।

१८. विद्यालय वाहिर रहेका बालवालिकाहरुलाई विद्यालयसम्म पुर्याउन, सिकाउन, टिकाउन र विकाउन आवश्यक कार्यक्रम गरिनेछ ।

१९. विद्यार्थीहरुलाई व्यवसायिक र प्राविधिक शिक्षा तर्फ आकर्षित गर्न श्री पुण्य मा.वि. मा कक्षा ११ र १२ मा विज्ञान र होटल व्यवस्थापन अध्ययन गर्ने विद्यार्थीहरुलाई दिइदै आएको छात्रवृत्तिलाई निरन्तरता दिइनेछ ।

२०. श्री शारदा मा.वि. मा कक्षा ९ बाट प्राविधिक शिक्षा धार तर्फ अध्ययन गर्ने प्रत्येक वडाका १ जना विद्यार्थीहरुका लागि प्रदान गरिने छात्रवृतिलाई निरन्तरता दिइनेछ ।

२१. उच्च शिक्षामा विद्यार्थीहरुको पहुँच सुनिश्चित गर्न श्री बुधुक क्याम्पसमा स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई निशुल्क छात्रवृत्ति प्रदान गरिनेछ ।

२२. प्राविधिक तथा रोजगारमूलक शिक्षामा विद्यार्थीको पहुँच विस्तार गर्न सिटिइभिटीको ३ बर्षे तथा १८ महिने कृषि तथा पशु प्राविधिक अध्ययन गर्ने विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलव्ध गराइनेछ ।

२३. विद्यालयको आय, व्यय तथा अन्य कार्यक्रमहरु चुस्त दुरुस्त र पारदर्शी बनाउन आवश्यक कार्य सञ्चालन गरिनेछ ।

२४. विद्यालयमा प्रदान गरिने अनुदानलाई नतिजामुखी बनाउनका लागि कार्यसम्पादनमा आधारित अनुदानमा जोड दिइनेछ ।

२५. विद्यालयको शैक्षिक उपलब्धीका लागि प्र.अ. लगायत विषयगत सिकाई उपलब्धीका लागि सम्वन्धित विषयका शिक्षकलाई जवाफदेही बनाइनेछ ।



Scanned with CamScanner

२६. कार्य सम्पादन मूल्यांकनका आधारमा उत्कृष्ट देखिएका प्रधानाध्यापकहरुलाई प्रोत्साहन गरिनेछ।

२७. विद्यार्थीहरुको सिकाई उपलब्धी अभिवृद्धि गर्न विद्यालयलाई विद्यार्थीको रुचि र आवश्यकताका आधारमा उपचारात्मक शिक्षण सिकाई क्रियाकलाप गर्न उत्प्रेरित गरिनेछ ।

२८. आफुले अध्यापन गरेको विषयमा विद्यार्थीले हासिल गरेको नतिजाका आधारमा शिक्षकलाई पुरस्कार वा दण्डको व्यवस्था गरिनेछ ।

२९. शिक्षकहरुलाई पेशागत सहयोग गर्नका लागि विषयगत शिक्षकहरुको समूह निर्माण गरी पेशागत सहयोग गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ ।

३०. गाउँपालिका स्तरीय कक्षा ८ , एस. इ.इ. र कक्षा १२ को परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१. आधारभूत तह अन्तर्गत कक्षा ३, ५ र ८ को परीक्षालाई अझ व्यवस्थित र स्तरीय बनाउदै लगिनेछ ।

३२. आधारभुत तहको अन्त्यमा लिइने कक्षा ८ को परीक्षामा परीक्षा केन्द्र तोकी सम्बन्धित केन्द्रको शिक्षक नपर्ने गरी केन्द्राध्यक्षको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३३. बाह्य विषय विज्ञद्धारा निर्माण गरिएका प्रश्नपत्रको प्रयोग गरी विद्यार्थीको सिकाई उपलब्धि मापन गर्ने कार्यलाई वस्तुनिष्ठ बनाइनेछ ।

३४. प्रयोगात्मक परीक्षाको प्राप्तांक भन्दा शैद्धान्तिक परीक्षाको प्राप्तांकलाई विद्यार्थीको उपलब्धी मापनको आधार मानिनेछ ।

३५. प्रारम्भिक कक्षाहरुका लागि न्युनतम सिकाइ मापदण्ड निर्धारण गरी कार्यान्वयनमा लागिनेछ।

३६. विद्यालयका भौतिक विवरण, शिक्षक विवरण तथा विद्यार्थीका सम्पुर्ण विवरणहरुलाई एकिकृत शैक्षिक सूचना प्रणालीमा आवद्ध गरिनेछ ।

३७. कम्प्युटर सञ्चालन सम्बन्धी तथा इमिस सम्बन्धी सिप नभएका प्रधानाध्यापक तथा शिक्षकहरुका लागि क्षमता विकास तालिम प्रदान गरिनेछ ।

३८. आवश्यकताका आधारमा माध्यमिक तह तथा आधारभुत तहका शिक्षकहरुलाई पुनर्ताजकी तालिम प्रदान गरिनेछ ।

३९. प्रारम्भिक बाल विकास र केजी कक्षाका सहयोगी कार्यकर्ताहरुका लागि मागमा आधारित क्षमता विकास तालिम प्रदान गरिनेछ ।

४०. संघीय स्रोतका बालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरु तथा स्थानीय स्रोतका बालविकास तथा केजी स.का.हरुको तलव तहगत रुपमा न्यायोचित ढंगले वृद्धि गरिनेछ।

४१. गाउँपालिकाबाट नियुक्ति गरिएका बालविकास तथा केजी स. का. हरुलाई पोशाक भत्ता उपलब्ध गराइनेछ ।

४२. विद्यालयहरुको नियमित अनुगमन गरी पृष्ठपोषण प्रदान गरिनेछ । साथै अनुभव तथा सिकाई आदान प्रदानका माध्यमबाट शैक्षिक गुणस्तर सुदृढीकरण गरिनेछ ।

खगेन्द्र राई
अध्यक्ष



Scanned with CamScanner

४३. सक्षमता र भौगोलिक क्षेत्रका आधारमा विद्यालयहरुको समुह निर्माण गरी सक्षम विद्यालयलाई नेतृत्व गर्ने अवसर प्रदान गरिनेछ ।

४४. अभिभावकहरुलाई समेत विद्यार्थीहरुको सिकाइमा जिम्मेवार बनाउन विद्यालय मार्फत अभिभावक सचेतनाको कार्यक्रम आयोजना गरिनेछ ।

४५. विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष र शि.अ. संघका पदाधिकारीहरु, शिक्षक तथा शिक्षा सम्वन्धी सरोकारवालाका विचमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. विभिन्न विधाका प्रतिभा पहिचान हुने किसिमका प्रतियोगितात्मक सहकार्यकलाप सञ्चालन गरी विद्यार्थीरुलाइ पुरस्कृत गरिनेछ ।

४७. प्रारम्भिक कक्षाका बालबालिकाहरुमा पढाइ सीप विकासका लागि पढाइ प्रतियोगिता (पढाइ मेला) सञ्चालन गरिनेछ ।

४८. सामुदायिक अध्ययन केन्द्रहरुलाई सबलीकरण गरी निरन्तर शिक्षालाई प्रोत्साहन गरिनेछ ।

सभाध्यक्ष महोदय ,

<u>युवा तथा खेलकुद नीति</u>

१. युवाहरुमा सकारात्मक धारणाको विकास गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सञ्चालन गर्न विद्यालयहरुलाई खेल सामग्री वितरण गरिनेछ।

३. चौविसे गाउँपालिकामा एक वडा एक खेल मैदान निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

४. खेलको माध्यमबाट नै युवाहरुमा आत्मानुशासन, सकारात्मक प्रतिस्पर्धा र समालोचनात्मक चिन्तनको विकास गरिनेछ ।

५. स्थानीय स्तरमा रहेका विभिन्न विधाका उत्कृष्ट खेलाडिको पहिचान गरी अझ हौसला बढाउन पुरस्कृत गरिनेछ ।

६. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको लागि स्थानीय तथा जिल्ला स्तरको खेलकुद प्रतियोगिताको लागि प्रोत्साहन तथा सहयोग गरिनेछ ।

७. खेलको माध्यमबाट सामाजिक विकास गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

८. युवाहरुमा रहेको विभिन्न विधाका प्रतिभा उजागर गर्ने उद्देश्यले युवाहरुमा रहेको प्रतिभा पहिचान गरी त्यस्ता प्रतिभाशाली युवाहरुलाई प्रोत्साहन गरिनेछ ।

९. स्थानीय तथा राष्ट्रिय खेलको माध्यमले युवाहरुलाई समाजमा स्थापित हुन प्रेरित गरिनेछ ।

१०. चौविसे रनिङ कपको माध्यमबाट सञ्चालन हुने खेलहरुलाई विभिन्न विधागत रुपमा अझ विकास गरी समावेशी खालका पालिकास्तरिय सक्षम टिम विकास गरिनेछ ।

११. सवै खेलहरुलाई समान ढङ्गले विकास गर्नका लागि आवश्यक तयारीको काम गरिनेछ ।

१२. वडा स्तरीय खेल, धार्मिक सांस्कृतिक पर्वका अवसरमा आयोजना गरिने खेल जस्ता खेलकुद कार्यक्रमको विकासका लागि आवश्यक खेलकुद सामग्री प्रदान गरिनेछ ।



Scanned with CamScanner

१३. माध्यमिक विद्यालयहरुमा स्काउट स्थापना गरी स्काउट व्यवस्थापन गर्न आवश्यक कार्य सञ्चालन गरिनेछ ।

## युवा रोजगार सम्वन्धी नीति

१. स्थानीय तहमा सूचीकृत बेरोजगार ब्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूती गर्नका लागि कामका लागि पारिश्रमिकमा आधरित सामूदायिक आयोजना संचालन गरि श्रममूलक आयोजना मार्फत समूदायको बिकास सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२. रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार श्रमिकलाई रोजगार दिन र प्रधानमन्त्री रोजगार कार्यक्रमका योजना अझै प्रभावकारी बनाउनका लागि संघीय सरकारबाट प्राप्त सशर्त बजेटमा गाउँपालिकाबाट २० प्रतिशत थप बजेटको व्यवस्थापन गरिनेछ ।

३. दक्ष तथा सक्षम जनशक्तिको बिकास गरी आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सिपमूलक तालिमको पहिचान गरि बेरोजगार ब्यक्तिलाई तालिम दिईनेछ ।

४. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय निजी, सहकारी तथा गैरसहकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिईनेछ ।

५. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना संचालन लाई थप सशक्त रुपमा कार्यान्वयन गरिनेछ ।

६. कामको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति रहनेछ ।

७. वर्षभरि उत्पादन भएको खाधान्न वा अन्य व्यवसायबाट वर्षमा ३ महिना सम्म खान नपुग्ने परिवारका सदस्यहरुमध्ये कम्तिमा १ जनालाई अनिवार्य १०० दिनको रोजगारी प्रदान गरिनेछ।

८. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

९. कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना (व्यवस्थापन तथा संचालन) कार्यबिधि २०७६ को दफा ७ को उपदफा ग को २ मा निर्माण सामाग्री खरिदमा अधिकतम २५ प्रतिशत हुने प्रावधान रहेकोमा पूर्वाधार विकाशको लागि यो रकम अपुग हुने भएकोले पालिकाबाट अपुग रकमको व्यवस्था गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई मर्मत सम्भारमूखी मात्र नभई पूर्वाधार विकासमूखी बनाई कार्यक्रमको औचित्यलाई थप प्रभावकारी बनाइनेछ ।

१०. बैदेशिक रोजगारीबाट फर्किएर व्यवसाय गररिहेका र बैदेशिक रोजगारमा रहेका कामदारका परिवारले बैंदेशिक रोजगारबाट प्राप्त गरेको विप्रेषणलाई उद्यम व्यवसायमा लगानी गर्न प्रोत्साहन गर्ने र लगानीका लागि आवश्यक सहयोग साथै उद्यमशिलता सिप बिकास तालिम प्रदान गरिनेछ।

खजिन्द्र राई
अध्यक्ष



Scanned with CamScanner

## पर्यटन नीति

१. गाउँपालिका भित्र रहेका ताल तलैया सिमसार क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन गर्दै पर्यटन पुर्वाधारको विकास निर्माण अगाडि बढाइनेछ ।
२. पर्यटन प्रवर्द्धनको लागि चालु योजनाहरुलाई क्रमागत रुपमा अगाडि बढाइनेछ ।
३. चौविसे गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलको प्रवर्द्धनका लागि पार्श्वचित्र निर्माणको कार्य अगाडि बढाइनेछ ।
४. धप्पड ताल संघीय सरकार र स्थानीय सरकारको संयुक्त लागत साझेदारीमा क्रमागत रुपमा निर्माण कार्य अगाडि बढाइनेछ ।
५. प्रदेश सरकार र स्थानीय सरकारसँगको साझेदारीमा रानीताल लगायत अन्य पर्यटकीय स्थलहरुको थप व्यवस्थापनको कार्य अगाडि बढाइनेछ ।
६. पर्यटन सूचना केन्द्रको स्थापना गरी पर्चा, पम्प्लेट, ब्रोक्युर एवम् होडिङ्ग बोर्डको माध्यमवाट आन्तरिक र वाह्य पर्यटकलाई यस क्षेत्रको महत्वपूर्ण पर्यटकीय स्थलको सूचना जानकारी उपलब्ध गराइनेछ ।
७. पर्यटकिय क्षेत्रलाई संरक्षण गरी पर्यटंन पूर्वाधारहरुको विकास गरिने छ ।
८. स्थानीय मठ, मन्दिर, धार्मिक तथा ऐतिहासिक स्थलहरुको पहिचान गरी संरक्षण र जीर्णोद्दार तथा सम्भव भएसम्म छायाङ्कन गरिने छ ।
९. स्थानीय कला सीपको विकास, संरक्षण र प्रवर्द्धन गरी सांस्कृतिक पर्यटनको महत्व थप उजागर गरिनेछ ।
१०. यस क्षेत्रको महत्वपूर्ण जैविक विविधताको अध्ययन अनुसन्धान एवम् संरक्षण गरी पर्या-पर्यटनको अवधारणा अगाडि बढाइनेछ ।
११. चौविसे पर्यटन विकासमा टेवा पुर्याउन यहाँका महत्वपूर्ण पर्यटकीय संपदाको भिडियो बनाई प्रचार-प्रसार गरिनेछ ।

## स्वास्थ्य नीति

१. COVID 19 लगायत बिभिन्न महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन कार्य लाई निरन्तरता दिईनेछ र आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ ।

खजेन्द्र राई
अध्यक्ष



Scanned with CamScanner

२, यस गाउँपालिका भित्रका नागरिकहरूलाई COVID 19 संक्रमणको लागि क्वारेन्टाइन गर्ने तथा घरमा उपचार गर्ने स्वरूप बढीमा ५ महिना समयको लागि खाना/खाजा रकम उपलब्ध गराइनेछ ।

३, COVID 19 को रोकथाम नियन्त्रण तथा व्यवस्थापनमा खटिने अग्र पंक्तिमा रहेका नागरिक, स्वास्थ्यकर्मी तथा कर्मचारीको COVID 19 रोगको कारण मृत्यु हुन गएमा निजको परिवारलाई राहत स्वरूप एकमुष्ठ मृत्यु संस्कार खर्च उपलब्ध गराइनेछ ।

४, COVID 19 महामारीको विषम परिस्थितिमा यस गाउँपालिका भित्र फ्रन्ट लाइनको रूपमा खटिने स्वास्थ्यकर्मीलाई प्रोत्साहन स्वरूप जोखिम भत्ता उपलब्ध गराइनेछ ।

५, गाउँपालिकाभित्रका स्वास्थ्य संस्थामा कार्यरत सबै तहका करार सेवामा नियुक्ति पाएका कर्मचारीहरूको तलबभत्ता वृद्धि गरिनेछ ।

६, प्रजनन स्वास्थ्य कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरूको पहिचान गरी जीवन सुरक्षा गर्ने उद्देश्यले अत्यावश्यक सेवा नछुटोस् भन्नका लागि होर्डिङ बोर्ड राख्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७, गर्भवती महिलाहरूको पोषणको अवस्थामा सुधार भई स्वस्थ शिशुको जन्म दिने अवस्था सिर्जना गर्न गर्भ रहेको चार, छ, आठ र नौ महिनामा ४ पटक गर्भजाँच गर्न स्वास्थ्य संस्थामा आउने गर्भवती महिलाहरूलाई पोषिलो खानाको व्यवस्थाका साथै परामर्श सेवा कार्यक्रम ७ वटै स्वास्थ्य चौकीहरूका संचालन गरिनेछ ।

८, स्वास्थ्य संस्थामा प्रसुति भएका सुत्केरी आमाहरूको उत्तर प्रसुति अवस्थामा हुने आमा र शिशुको मृत्युको दरलाई कम गर्न आमालाई खाना र शिशुलाई न्याना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९, स्वास्थ्य बिमा कार्यक्रमलाई जनमुखी अभियानको रूपमा अगाडि बढाइनेछ ।

१०, चौबिसे गाउँपालिका मातहतमा संचालित एम्बुलेन्स सेवामा दिईदै आएको छुट प्याकेजको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११, गाउँपालिका भित्रका कडा रोग लागेका बिरामीलाई कार्यविधिमा तोकिए बमोजिमको सहयोग राहत रकम उपलब्ध गराइने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२, स्वास्थ्य संस्थाहरूमा भौतिक पूर्वाधार र दक्ष स्वास्थ्यकर्मीहरूको व्यवस्था गरिनेछ ।

१३, चौबिसे गाउँपालिका वडा नं. ४ मा संचालनमा रहेको सामुदायिक स्वास्थ्य इकाई फलामेटार लाई आधारभूत स्वास्थ्य केन्द्र को रूपमा रूपान्तरण गर्ने प्रक्रिया अगाडि बढाइनेछ ।

१४, स्वास्थ्य संस्थाहरूमा बाह्रै महिना निःशुल्क औषधिहरूको आपूर्तिलाई निरन्तरता दिइनेछ ।

१५, चौबिसे गाउँपालिका वडा नं. १ बुधबारे अन्तर्गत साबिक वार्ड नं. ९ सौरे बजारमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरिनेछ ।

१६, स्वास्थ्य संस्थाहरूमा संचालनमा रहेको सुलभ फार्मेसीको सेवालाई निरन्तरता दिदै व्यवस्थित गरिनेछ ।



Scanned with CamScanner

१७. स्वास्थ्य संस्थाहरुमा संचालनमा रहेका बर्थिङ सेन्टरहरुको सेवालाई प्रभावकारी र दिगो बनाउन आवश्यक औजार तथा उपकरणको व्यवस्था गरिनेछ ।

१८. स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय, प्रभावकारी र सर्वसुलभ स्वास्थ्य सेवा संचालनका लागि आवश्यक पर्ने औजार तथा उपकरणको व्यवस्था गरिनेछ ।

१९. स्वास्थ्य संस्थामा संचालनमा रहेका ल्याव सेवाहरुमा आवश्यक पर्ने सेमि एनालाइजर, माईक्रोस्कोप तथा अन्य आवश्यक उपकरणको व्यवस्था गरिनेछ ।

२०. बर्थिङ सेन्टरहरुमा खटिने दक्ष प्रसुतिकर्मीहरुलाई प्रसुति सेवा प्रदायक प्रोत्साहन रकमलाई निरन्तरता दिइनेछ ।

२१. सरकारी स्वास्थ्य संस्थाहरुबाट नियमित रुपमा उपलब्ध हुने स्वास्थ्य सेवाहरुलाई गुणस्तरीय प्रभावकारी र सर्वसुलभ बनाउने उद्देश्यले स्वास्थ्य संस्थाहरुमा नियमित रुपमा सन्देशमूलक जानकारीहरु प्रशारण गर्न एल. सि. डी- टि. भी. को साथै डिस्प्ले बोर्डको व्यवस्था गरिनेछ।

२२. स्वास्थ्य संस्थाहरुबाट दिइने स्वास्थ्य सेवाहरुको सम्पूर्ण विवरण समेटिएको सेवा सूचक स्वास्थ्य बडापत्र तयार गरी सबै स्वास्थ्य संस्थाहरुलाई बितरण गरिनेछ ।

२३. स्वास्थ्य संस्थाहरुबाट संचालन गरिने बिभिन्न तालिम, गोष्ठि, अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न ओभर हेड प्रोजेक्टरको व्यवस्था गरिनेछ ।

२४. संथागत सुत्केरीहरुको संख्यामा बृद्धि तथा घरमा शुन्य प्रसुति (Free Home Delivery) कार्यक्रमलाई सफल पार्न महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई परिचालन गरिनेछ ।

२५. पूर्णखोप शुनिश्चितता वडा तथा गाउँपालिका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२६. नियमित खोप कार्यक्रमलाई प्रभावकारी रुपमा सचालन गर्नका लागि खोप क्लिनिकमा खटिने स्वास्थ्यकर्मीहरुलाई दिइदै आएको यातायात खर्चलाई निरन्तरता दिइनेछ ।

२७. गाउँघर क्लिनिक कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न गाउँघर क्लिनिकमा खटिने स्वास्थ्यकर्मीहरुलाई दिइदै आएको यातायात खर्चलाई निरन्तरता दिइनेछ।

२८. महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई स्वास्थ्य संस्थामा मासिक समिक्षा वैठकमा भाग लिए वापत दिइने प्रोत्साहन स्वरुपको यातायात खर्चलाई ५०% वृद्धि गरिनेछ ।

२९. परिवार नियोजनको लागि अस्थायी साधन प्रयोगकर्ताहरुको दरमा बृद्धि गर्न सचेतनामूलक कार्यक्रम र परामर्श सेवाहरुलाई निरन्तरता दिइनेछ ।

३०. महिला तथा बालवालिकाहरुको पोषण सगं सम्बन्धित सूचाङ्कहरुको मापदण्ड पूरा गर्ने थप १ स्वास्थ्य संस्थालाई पोषण मैत्री स्वास्थ्य सस्था घोषणा गरिनेछ ।

३१. महिलाहरुको स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर भए नभएको एकीन गर्न दैनिक स्क्रिनिङ सेवा र पाठेघर खसेका महिलाहरुलाई रिङ पेशरी लगाउने कार्यक्रम संचालन गरिनेछ।

३२. जेष्ठ नागरिक स्वास्थ्य प्रबर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

३३. ७० बर्ष माथिका जेष्ठ नागरिकहरुलाई घर भेट गरि स्वास्थ्य परिक्षण तथा भिटामिन बि कम्प्लेक्स औषधि बितरण कार्यक्रम संचालन गरिनेछ



खजिन्द्र राई
अध्यक्ष

Scanned with CamScanner

३४. जन्मजात अपाङ्गता पहिचानका लागि नवजात शिशुहरुको जाँच गरी अभिलेख राखिनेछ ।

३५. अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम अन्तर्गत नव दम्पती र गर्भवतीलाई सन्देशमूलक सूचनामा आधारित शुभकामना कार्ड घर घरमा बितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३६. गर्भवती महिलाको गर्भमा रहेको शिशुको अवस्था पत्ता लगाउन बर्थिङ सेन्टर रहेका स्वास्थ्य संस्थाहरुमा घुम्ति सेवाको रुपमा अल्ट्रासाउण्ड (भिडियो एक्से) सेवा शुरु गरिनेछ ।

३७. घुम्ति स्वास्थ्य सिविरबाट भिन्न क्षमता भएका व्यक्तिहरूको पहिचान गरी स्वास्थ्य सहयोग सामाग्री वितरण गरिनेछ ।

३८. किशोर किशोरीहरुलाई प्रजनन् स्वास्थ्य तथा अपाङ्गता रोकथाम सम्बन्धि सचेतना कार्यक्रम सचालन गरिनेछ ।

३९. परम्परागत असुरक्षित गर्भपतनका कारण हुने मृत्युदरलाई कम गर्न शुरक्षित गर्भपतन सेवा लाई सर्वशुलभ बनाउन सचेतना कार्यक्रम संचालन गरिनेछ ।

४०. संघीय सरकार र प्रदेश सरकार सँग समन्वय गरी नाक, कान, घाँटी र आँखा शिविर संचालन गरिनेछ ।

४१. संघीय सरकार सँग समन्वय गरि १० बेडको आधारभूत अस्पताल निर्माण प्रक्रिया तदारुकताका साथ अगाडि बढाइनेछ ।

४२. गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरूमा एल. सि. डी- टि. भी . र इन्टरनेट सुविधाको व्यवस्था गरिनेछ।

सभाध्यक्ष महोदय

महिला तथा बालबालिका नीति

१. "विहेवारी : २० वर्ष पारी" भन्ने नाराका साथ चौविसे गाउँपालिकाका किशोर किशोरीहरुको लागि समुदायमा आधारीत किशोर किशोरी विकास सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।

२. जहाँ महिला, त्यहाँ उद्यमशीलताको सक्षम पाइलाको नारा अंगिकार गरी लैंगिक हिंशा अन्त्यको सोह्र दिने अभियान संचालन गरिनेछ ।

३. लक्षित वर्गलाई ध्यानमा राखी पिछाडिएका समुदायलाई विकासको मुलधारमा ल्याउँन क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिने छ ।

४. सचेतना मुलक कार्यक्रमहरु - होडिङ बोर्ड, पर्चा पम्प्लेट, अन्तरक्रिया, गोष्ठि कार्यक्रम आदि संचालन गरिनेछ ।

५. लक्षित वर्गलाई ध्यानमा राखि सीपमुलक र आयमुलक तालिम प्रदान गरिनेछ ।

६. लैगिंक हिंसा तथा घरेलु हिंसा सम्बन्धित कानुनी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

७. जेष्ठ नागरिक, अन्तराष्ट्रिय महिला, अपाङ्ग दिवस, छवाछुत तथा विभेदमुक्त दिवस, अन्तराष्ट्रिय जातीय भेदभाव उन्मुलन दिवस, आदिवासी जनजाति दिवस जस्ता लक्षित वर्गका दिवसलाई महत्वपूर्ण कार्यक्रमको रुपमा संचालन गरिने छ ।



Scanned with CamScanner

८. बालबालिका तथा उनीहरूको अभिभावकको लागि सामुदायिक शैक्षिक कानुनी सचेतना कार्यक्रम संचालन गरिने छ ।
९. जेष्ठ नागरिक सम्मान तथा जेष्ठ नागरिक सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।
१०. चौविसे जेष्ठ नागरिक समितिलाई थप व्यवस्थित बनाइने छ ।
११. दलित/ उत्पिडित महिलाहरूको क्षमता विकासको लागि नेतृत्व विकास तालिम संचालन गरिनेछ ।
१२. चौविसे गाउँपालिका भित्रका दलितहरूलाई सक्षम बनाउनका लागि दलित अधिकार र सिप प्रवर्द्धनको कार्यक्रम गरिनेछ ।
१३. अन्तर जातीय विवाह गर्ने दम्पतीहरूलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।
१४. चौविसे गाउँपालिका भित्रका दलित तथा सम्पुर्ण समुदायलाई दलित हक अधिकारको बारेमा सचेत बनाउन संविधानको मौलिक हक अन्तर्गत रहेको भाग ३ को छुवाछुत तथा भेदभाव विरुद्धको हक तथा दलित हक सम्वन्धि मौलिक हक २४ र ४० को बारेमा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
१५. जनजातीहरूको क्षमता अभिवृद्धि गराउँनको लागि समुदाय स्तरीय कार्यक्रम संचालन गरिनेछ।
१६. आदिवासी जनजातिहरूको लागि बनेको भौतिक संरचनाहरूलाई व्यवस्थापन गरिनेछ ।
१७. चौविसे गाउँपालिकालाई बाल श्रम मुक्त गाउँपालिका घोषणा अभियान संचालन गरिनेछ ।

सभाध्यक्ष महोदय

**चौविसे कला साहित्य तथा संस्कृति नीति**

१. चौविसे गाउँपालिकाको आधिकारिक गान तय गरिनेछ ।
२. चौविसे गाउँपालिकामा रहेका विभिन्न विधाका कलाकरहरूको पहिचान गरी उनीहरूमा रहेको कला, प्रतिभा प्रवर्द्धनको लागि कार्यक्रम संचालन गरिनेछ ।
३. गाउँपालिका भित्रका सांस्कृतिक पहिचान, झाँकी, विविधता युक्त विशेष परम्परागत भेषभुषा, रीतिरिवाज, चालचलनको खोजी र पहिचान गरी त्यसको अभिलेखीकरण तयार गरी संरक्षण र प्रवर्द्धन गरिनेछ ।
४. सबै जाति, भाषा, धर्म र संस्कृति जोगेर्नमा टेवा पुग्ने खालको कार्यक्रम गरिनेछ ।
५. आदिवासी जनजातिहरूको संस्कृतिलाई प्रवर्द्धन तथा संरक्षण गर्ने कार्यक्रम गरिनेछ ।
६. सबै जातजातिको मौलिक पहिचानको संरक्षण तथा प्रवर्द्धनको कार्यक्रम गरिने छ ।
७. चौविसे कला, साहित्य, सांस्कृतिक उत्थान तथा सम्मान कार्यक्रम गरिनेछ ।

न्यायिक नीति

"लागुऔषध [illegible] समाज परिवर्तनको लागि युवा घर-घर,



Scanned with CamScanner

१. "जनताको अदालत गाउँ गाउँमा, सुशासन समाज निर्माण आफ्नै ठाउँमा" भन्ने नाराका साथ नेपालको संविधान २०७२ को धारा २१७ स्थानीय सरकार संचालन ऐन २०७४ संशोधन ऐन २०७५ अन्तर्गत न्यायिक समितिको अधिकार क्षेत्रको दफा ४७ बमोजिम न्यायिक समितिद्वारा विभिन्न न्यायिक सम्पादनका कार्यक्रमहरु संचालन गरिनेछ ।
२. न्यायको पहुँचबाट बाहिर रहेका समुदाय वा व्यक्तिलाई सामाजिक न्याय प्रदान गरिनेछ ।
३. न्याय सम्पादन गर्दा न्यायिक समिति र मेलमिलाप कर्ताद्वारा मेलमिलाप तथा फैसला गरिएको व्यक्ति तथा सामुदायिक मुद्दाहरु बारे अन्तर संवाद कार्यक्रम संचालन गरिनेछ ।
४. न्याय सम्पादनलाई प्रभावकारी बनाउनको लागि प्रहरी साझेदारी कार्यक्रम संचालन गरिनेछ।
५. न्याय सम्पादनको क्षेत्रमा भएका कठिनाईहरुलाई पुनर्ताजकीय तालिमको माध्यमबाट न्यायिक समिति र जनसमुदाय बिच बुझाइमा एकरुपता ल्याइनेछ । होडिङबोर्ड, पर्चा, पम्प्लेट, अन्तरक्रिया गोष्ठि आदि कार्यक्रम संचालन गरिनेछ ।
६. जबरजस्ती करणी हत्या हिंसा, बहुविवाह बढिरहेको हुदाँ यस्ता कार्यलाई न्यूनीकरण गर्न सचेतना कार्यक्रम संचालन गरिनेछ ।
७. चौविसे गा.पा. को न्यायिक सम्पादनलाई व्यवस्थित गर्न गुणस्तरीय इजलासको व्यवस्थापन गरिनेछ ।
८. जनप्रतिनिधी, कर्मचारी र नागरिक समाज बिच न्याय सम्पादनमा अनुभव आदान प्रदान गर्ने हेतुले अन्तरक्रियात्मक कार्यक्रम गरिनेछ ।
९. स्थानीय न्यायिक समितिको काम कार्वाहीलाई छिटो छरितो, चुस्त दुरुस्त बनाउन न्यायिक समितिको निर्माणाधीन भवन निर्माणको काममा तिव्रता दिइनेछ ।
१०. नागरिकता प्राप्तिको लागि सेवाग्राहीले भोग्नु परेको समस्या न्यूनीकरण गर्न जनप्रतिनिधि, राजनैतिक दल, जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय लगायतका सरोकारवाला निकायहरु बीच अन्तरक्रियात्मक गोष्ठी, सेमिनार संचालन गरिनेछ ।

## मेलमिलाप

"सानै छु मलाई बढ्न, देउ बिहे होईन मलाई पढ्न देउ"

१. प्रत्येक मेलमिलापकर्ताहरुलाई पुनर्ताजकीय तालिम दिई समुदायका मुद्दाहरुलाई जिम्मेवारी पूर्ण ढंगबाट मेलमिलाप गराउने क्षमता अभिवृद्धि हुने कार्यक्रम गरिनेछ ।
२. संविधानको धारा २१७ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद - ८ बमोजिम दफा ४८ अनुरुप कार्य प्रभावकारी रुपमा सम्पादन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३. सकेसम्म मेलमिलापको माध्यमबाट न्यायिक समितिको आदेश अनुसार मुद्दा मिलाइनेछ ।

४. मेलमिलाप कर्ताहरूलाई हरेक मुद्दा मिलाए बापत प्रोत्साहान भत्ता उपलब्ध गराइनेछ ।

सभाध्यक्ष महोदय

## सामाजिक विकास नीति

१. महिला हिंसा तथा यौनिक हिंसा, संविधान र कानूनी प्रावधान सम्बन्धी तालिम संचालन गरिनेछ।

२. अन्तरजातीय विवाह सम्मान तथा कानूनी साक्षरता कार्यक्रम गरिनेछ ।

३. म पनि मान्छे हुँ आत्मासम्मान गर, छुवाछुत र भेदभावले नपार पर पर भन्ने नाराका साथ दलित अनुशिक्षण कार्यकम संचालन गरिनेछ ।

४. बहुविवाह न्युनीकरणको लागि मुलुकी देवानी/अपराध संहिता ऐन सम्बन्धी सचेतना कार्यक्रम गरिनेछ ।

५. पति बेपत्ता महिलाहरूलाई संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

६. दलितको संवैधानिक अधिकार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

७. टोल विकास संस्थालाई प्रभावकारी बनाउन प्रस्तावना/निर्णय लेखन लगायत विषय समेटी एकमुष्ट तालिम संचालन गरिनेछ ।

८. लागू औषध नियन्त्रणको लागि प्रत्येक वडामा सामाजिक अभियान चलाइनेछ ।

९. आदिवासी जनजातिको अधिकार विषयक कार्यक्रम संचालन गरिनेछ ।

१०. नारी दिवसलाई सभ्य र भव्यतापूर्वक मनाइनेछ ।

सभाध्यक्ष महोदय

## संघ संस्था

१. यस गाउँपालिका क्षेत्र भित्र संचालन हुने सम्पूर्ण गैर सरकारी संस्थाको योजना तथा कार्यक्रमलाई नियमन र एकरुपता ल्याउनको लागि गै.स.स. हेल्प डेस्क र सूचना कक्षा स्थापना गरिनेछ ।

२. गाउँपालिका क्षेत्रभित्र कार्यक्रम संचालन गर्नु पूर्व अनिवार्य रुपमा गैरसरकारी संस्थाहरूले अनुमति लिनु पर्ने व्यवस्थालाई कानून निर्माण गरी कडाइका साथ कार्यान्वयन गरिनेछ ।

३. गैह्र सरकारी संस्थाहरूलाई कार्यक्रमको अनुमति दिंदा विकास र चेतनाको दृष्टिले पछि परेका वडा, क्षेत्रहरूमा समन्वय गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ । पालिका स्तरमा जनचेतनामूलक, रोजगारमूलक, सन्देशमूलक तालिमहरू संचालन गरिनेछ।



Scanned with CamScanner

**खानेपानी तथा सरसफाई**

१. खानेपानीको उपयुक्त स्रोत पहिचानको लागि सम्भाव्यता अध्ययनको कार्यलाई अझै बढाइने छ ।
२. पानीको स्रोतको वरिपरि भएको वृक्षरोपण गर्न प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
३. प्रदेश सरकार र सरोकारवाला निकायहरूसँग छलफल तथा समन्वय गरी खानेपानीको समस्याको दीर्घकालीन समाधानका लागि बहुवर्षीय योजना बनाई क्रमागत बजेटको व्यवस्था गर्दै लगिनेछ ।
४. संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी चौबिसे गाउँपालिकाका ठूला ताल तलैयाबाट खानेपानी थप व्यवस्थापन तथा वितरणका लागि पहल गरिनेछ ।
५. प्रदेश सरकारबाट निर्माणाधीन बोधे, बुधुक र कुरुले खानेपानी आयोजनाहरू यथाशीघ्र निर्माण सम्पन्न गर्ने कार्यमा समन्वय गरिनेछ । साथै गाउँपालिका भित्र खानेपानीको चरम अभाव भएका क्षेत्रहरूको पहिचान गरी संघीय, प्रदेश सरकारसँग समन्वय गरी लिफ्टिङ लगायत अन्य खानेपानी आयोजनाको काम अगाडि बढाइनेछ ।

सभाध्यक्ष महोदय

**पूर्वाधार, सडक, आवास, ढल व्यवस्थापन तथा सिंचाई नीति**

१. गत आ.व.मा हुन नसकेका योजनालाई आगामी आ.व.मा निरन्तरता दिइनेछ ।
२. प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त लागत साझेदारीमा राजारानी-भीमाबुधुक-बोधे-हंशमोरङ्ग र धाराचोक-अठारसय-लागार्चे-कुरुले जोड्ने बाटोलाई निरन्तरता दिइनेछ ।
३. प्राथमिकता प्राप्त सडकहरुलाई ग्राभेल तथा स्तरोन्नति गर्दै लगिनेछ ।
४. गाउँपालिकाका मूख्य सडकहरुलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझेदारीमा क्रमागत रुपमा स्तरोन्नती गरिने छ ।
५. नयाँ तथा पुराना सडकहरुमा अनिवार्य रुपमा ढल निर्माणमा पहल गरिनेछ ।
६. भेडेटार-रबि-राँके सडक खण्डमा सडकको बीचबाट १५-१५ मिटर पर मात्र घर, संरचना बनाउन सम्बन्धित समुदायहरूमा अनुशिक्षण लगायतको कार्यक्रम गरिनेछ ।
७. चौबिसे गाउँपालिका भित्रका मुख्य सडकहरुको मापदण्ड अनुसार घर, संरचना बनाउन सम्बन्धित समुदायहरूमा अनुशिक्षण लगायतको कार्यक्रम गरिनेछ ।
८. चौबिसे गाउँपालिका भित्रका मुख्य सडकहरूको मापदण्ड अनुसारको सडकले चर्चेको जमिन लगत कट्टाको प्रक्रिया अगाडि बढाई जनतालाई एकिकृत सम्पत्ति करमा राहत प्रदान गरिनेछ।
९. मध्य चौबिसे राजमार्ग बनाउन प्रदेश तथा संघीय सरकारसंग पहल गरिने छ ।
१०. आवश्यकता र औचित्यका आधारमा आयोजनाहरुलाई प्राथमिकता निर्धारण गरी कार्य गरिने छ ।
११. मुख्य सडकका चोक र बजारलाई थप व्यवस्थित गरिने छ ।
१२. गाउँपालिका तथा मुख्य आवास/बजार क्षेत्रमा भवन निर्माण संहिता कार्यान्वयन गरिने छ ।



Scanned with CamScanner

१३. सडक निर्माण गर्दा गाउँपालिका भित्र निर्माणाधीन सडकको दिगोपनको लागि वायो_ईन्जिनियरिङ पद्धति अपनाइने छ ।
१४. ग्रामीण सडक ढल संरक्षण तथा मर्मतको लागि वडा स्तरीय संरक्षण समिति वनाई स्वयम् सेवा कार्यमा नागरिकलाई प्रेरित गर्ने नीति अवलम्वन गरिने छ ।
१५. बजार क्षेत्रमा नाली तथा ढल व्यवस्थापनको लागि पहल गरिनेछ ।
१६. माग र आवश्यकताका आधारमा स_साना सिंचाई आयोजनाहरु निर्माण गरिने छ ।
१७. चौविसे गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर वनाउन खेतियोग्य बाँझो जमिनमा सिंचाइ परियोजना संचालन गरिनेछ ।
१८. स्वीस सरकार, संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार स्थानीय जल उपभोक्ता समितिको संयुक्त लागत साझेदारीमा १० वटा कुलोहरूको मर्मत संभार र स्तरोन्नतिको कार्य सम्पन्न गरिनेछ ।
१९. संघीय सरकारसँग समन्वय गरी फुसको छानो हटाउने कार्यक्रम निरन्तर गरिनेछ ।
२०. गाउँपालिका भित्रका ठूला ठूला योजनाहरु प्रदेश र संघीय सरकार सँग समन्वय गरी सम्पन्न गर्न पहल गरिनेछ ।
२१. गाउँपालिका स्तरीय औद्योगिक ग्राम निर्माणका लागि पहल गरिने छ ।
२२. सडक अतिक्रमण रोक्न अनुशिक्षण, होर्डिङ्गबोर्ड आदिको माध्यमबाट सरोकारवालाहरूलाई सुसूचित गरिने छ ।

सभाध्यक्ष महोदय

विद्युत तथा संचार नीति

१. गाउँपालिकामा विद्युतिकरणको कार्य पुरा गर्न नेपाल विद्युत प्राधिकरणसंग आवश्यक समन्वय गरिने छ ।
२. विद्युतिकरण नपुगेका वस्तीहरु तथा विपन्न वर्गलाई वैकल्पिक उर्जाको व्वस्था मिलाइने छ ।
३. ग्रामिण क्षेत्र भित्र विद्युतिकरणका लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी पोल वितरण गर्ने तथा भएका काठको पोललाई विस्थापित गरी फलामे पोल राख्ने नीतिलाई निरन्तरता दिइनेछ।
४. स्थानीय पत्रकारहरुको क्षमता विकासका लागि कार्यक्रम गरिने छ ।
५. सूचना प्रविधिलाई व्यवस्थित गराउनको लागि आवश्यक इलेक्ट्रोनिक्स उपकरण खरिदका साथै क्षमता अभिवृद्धि कार्यक्रम अगाडी बढाइनेछ ।
६. गाउँपालिकाले गरेका विकासका गतिविधिहरुलाई जनता सामु पुर्याउनको लागि ब्रुसेयर, सफलताको डायरी कार्यक्रम सञ्चालन गरिनेछ ।

सभाध्यक्ष महोदय

वन तथा वातावरण संरक्षण तथा सरसफाई नीति

खगेन्द्र राय
अध्यक्ष



Scanned with CamScanner

१. पूर्वाधार विकासमा वातावरण मैत्री अवधारणा लागू गरिने छ ।
२. सार्वजनिक जग्गाहरुको खोजी गरी उचित संरक्षण गरिनेछ ।
३. गाउँपालिका भित्रका मुख्य वजारहरूमा फोहोर मैला संकलन तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।
४. घर, कार्यालय, सार्वजनिक स्थलहरू सफासुघ्घर राख्न जनचेतनामूलक कार्यक्रम मार्फत् आम जनतालाई प्रोत्साहन गरिनेछ ।
५. फोहोर मैलाको वैज्ञानिक व्यवस्थापनको लागि व्यवस्थित ल्याण्ड फिल्ड साइट, डम्पिङ्ग साइट लगायतको सम्भाव्यता अध्ययन लगायतको कार्य अगाडि वढाइने छ ।
६. विद्यालयमा वातावरणीय सचेतना कार्यक्रम संचालन गरिने छ ।
७. वन संरक्षण गर्न वृक्षारोपण तथा जलवायु अनुकुलन कार्यक्रम संचालन गरिने छ ।
८. सामुदायिक वन उपभोक्ता समूहहरुलाई क्रियाशिल वनाइने छ ।
९. सामुदायिक वनको स्वामित्व क्षेत्र भित्र रहेका जग्गा अतिक्रमणलाई रोक्न सम्वन्धित निकायसंग आवश्यक समन्वय गरी पहल गरिने छ ।
१०. सामुदायिक वनलाई पर्यटन सँग जोडिएर बढी भन्दा बढी आयमूलक काम गर्न अन्तरक्रिया कार्यक्रम गरिनेछ ।
११. सुख्खा क्षेत्रमा लगाउन सकिने चिउरी जस्ता वोटविरुवाको वृक्षारोपणको कार्यक्रम गरिने छ।

सभाध्यक्ष महोदय

## बिपद व्वयस्थापन नीति

१. विपद् व्यवस्थापन कोष स्थापना गरी विपद् प्रतिकार्यका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२. कोरोना भाइरसको सम्भावित संक्रमणवाट नागरिकलाई सुरक्षित राख्न गाउँपालिकाले कोरोना व्यवस्थापन कोषको व्यवस्था गरी कोभिड प्रतिकार्यका कामलाई निरन्तरता दिइनेछ ।
३. वाढी तथा पहिरोग्रस्त क्षेत्रहरुमा वृक्षारोपणको लागि प्रोत्साहित गरिने छ ।
४. समुदाय तथा लक्षित समूहहरुलाई जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।
५. सवै विद्यालयमा विपत जोखिम न्यूनीकरण र व्यवस्थापनको सचेतना तालिम सञ्चालन गरिने छ ।
६. भवन निर्माण संहिता र निर्माण तथा योजना मापदण्ड कडाईका साथ लागू गरिने छ ।
७. जोखिममा परेका व्यक्तिहरुलाई आवश्यकता अनुसार राहत वितरण गरिने छ ।

## सेवा प्रवाह तथा क्षमता विकास नीति

१. स्थानीय तहवाट प्रदान गरिने दैनिक प्रशासनिक सेवाहरु चुस्त, दुरुस्त, छिटो, छरितो रुपमा मुस्कान सहितको सेवा उपलव्ध प्रदान गरिनेछ ।



Scanned with CamScanner

२. नतिजामूलक अनुगमन तथा सुपरीवेक्षण, समिक्षात्मक सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण आदिको माध्यमबाट जवाफदेहिता, पारदर्शिता प्रवर्द्धन गरी नागरिकप्रति उत्तरदायी सरकारको वास्तविक आभास र अनुभूति जनतामा दिइनेछ ।

३. कर्मचारीलाई आवश्यक तालिम दिई अझ बढी सक्षम, योग्य र सवल बनाइनेछ ।

४. नागरिक सन्तुष्टि सर्वेक्षण गरी यसको नतिजाको आधारमा संस्थागत सुदृढीकरण गरिने छ ।

५. गाउँपालिकामा रहेका कार्यालयहरुबीच आपसी कार्यगत समन्वय स्थापित गरिने छ ।

६. गाउँपालिकाको मुख्य प्रशासनिक कार्यालय र वडा कार्यालयहरूमा छिटो छरितो अनलाइन सेवा प्रवाहको लागि विधुतीय शासन प्रणालीलाई अझ प्रभावकारी बनाइने छ ।

७. गाउँपालिकामा मोवाईल एप्स मार्फत् गाउँवासीहरुलाई सहज सेवा सुविधा र सूचना प्राप्त गर्ने वातावरण निर्माण गरिने छ ।

८. विकास निर्माणको कार्यलाई चुस्त-दुरुस्त एवं दिगो बनाउन नतिजामूखी अनुगमन, मूल्यांकन तथा निरीक्षणको कार्यहरू प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

९. यस गाउँपालिका अन्तरगत नियुक्ति भएका कर्मचारीको सेवा सुविधा वृद्धि गरिनेछ।

१०. गाउँपालिकाको विषम भौगोलिक बनावटलाई हृदयंगम गरी यस गाउँपालिकाको वडा नं. १ अन्तरगतको सौरि बजारमा वडा सम्पर्क केन्द्र स्थापना गरिनेछ।

११. गाउँपालिका भित्रका वडा कार्यालय र सेवाग्राही आम जनता बीचको दुरी घटाउन वडा एकिकृत घुम्ति सिविर संचालन गरिनेछ ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनु हुने गाउँकार्यपालिकाका सदस्यज्यूहरू, विषय क्षेत्रगत समितिका पदाधिकारीहरू, कर्मचारी साथीहरू एवं सम्पूर्ण गाउँवासी दाजुभाई तथा दिदिबहिनीहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

धन्यवाद



Scanned with CamScanner